नेपाल सरकार

फोन :४२००२९८

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार काठमाण्डौ

(सूचना तथा प्रविधि शाखा)

प.सं. ०७५/०७६

मिति २०७६।३।२९

च.नं. ४२६

विषय : छानविन कार्यमा आवश्यक सहयोग गर्ने सम्वन्धमा ।

श्री स्थानीय तहहरु (७५३ वटै)

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २६ मा आयोगले अख्तियार दुरुपयोगको अनुसनधान र तहकिकातको निमित्त अन्य कार्यालय वा कर्मचारीको सहयोग लिन सक्ने र आयोगवाट त्यस्तो सहयोग मागेकोमा आयोगलाई सहयोग दिनु त्यस्तो कार्यालय वा कर्मचारीको कर्तव्य हुनेछ भन्ने व्यवस्था भएको । सो वमोजिम आयोगमा प्राप्त हुने स्थानीय तहका अनियमितता सम्वन्धमा आयोगको निर्णयानुसार छानविनको लागी यस मन्त्रालयलाई पत्राचार हुने गरेको व्यहोरा अवगत नै छ ।

स्थानीय तहहरुमा विकास निर्माण, सेवा प्रवाह एवं कर्मचारी नियुक्तिका सन्दर्भमा अनियमितता भएको भनी राष्ट्रिय सतर्कता केन्द्र र अन्य निकायहरुमा प्राप्त उजुरीको प्रारम्भिक छानविन गर्ने कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०७६।२।९ मा निर्णय भई लेखि आएको छ ।

सोही सन्दर्भमा स्थानीय तहमा भएको अनियमित कार्यहरुको छानविन गरी प्रारम्भिक प्रतिवेदन तयार गर्न यस मन्त्रालयवाट आफैं वा आफु मातहतका अधिकारीहरुलाई जिम्मेवारी तोक्न सकिने भनी मिति २०७६।३।२४ मा माननीय मन्त्रीस्तरको निर्णय भएको हुँदा मन्त्रालयको पत्रानुसार छानविन कार्यमा खटिआउने कर्मचारहिरुलाई छानविन कार्यमा आवश्यक सहयोग पुऱ्याउनु हुन निर्णयानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरवार, काठमाडौं ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाडौं ।

श्री राष्ट्रिय सतर्कता केन्द्र,
सिंहदरवार, काठमाडौं ।

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु - सवै